# Ⅷ　श्रम, कर, रेमिट्यान्स

## Ⅷ-1　**काम खोज्न**

### 1.　**काम खोज्न**

हेलो वर्क
जापानमा सार्वजनिक रोजगार सुरक्षा कार्यालय हेलो वर्क भनिने एक राष्ट्रिय एजेन्सीले नि:शुल्क रुपमा रोजगारीका लागि उचित परामर्श प्रदान गर्दछ । काम गर्ने अनुमति छ भने यो सस्थाले, जापानमा कामका लागि कम्पनी खोजी गर्न सघाउछ । ओसाकाको विदेशी रोजगार सर्बिस सेन्टर (उमेदा), विदेशी रोजगार सर्बिस कर्नर (साखाई) मा विदेशी अनुवादक  को ब्यबस्था छ (पोर्तुगाली, स्पेनिश, चिनिया र अंग्रेजी भाषामा परामर्श लिन सकिन्छ)।

URL　**https://jsite.mhlw.go.jp/osaka-foreigner/**
※　अंग्रेजीमा विदेशी रोजगार सर्बिस सेन्टरमा मात्र ।

**रोजगार जानकारी मुलक पत्रिका, आदि ।**
जापानमा रोजगारिका विज्ञापन भएका विभिन्न  पत्रिका, म्यागजिन हरु प्रकासित हुन्छन । विदेशी भाषाहरूका अखबार, म्यागजिन र इन्टरनेटमा पनि रोजगारिका विज्ञापन प्रकाशित हुन्छन।

### 2.　**बिदेशी विद्यार्थीहरूले स्नातकपछि रोजगार खोज्न**

जापानमा भएका बिदेशी विद्यार्थीले बिद्यालय स्नातकपछि पदने भिषा बाट रोजगार भिषामा, जापान निबासको स्टेटस परिबर्तन गर्नु पर्छ। ओसाकाको  " वैदेशिक रोजगार सेवा केन्द्र " ले यस्ता विद्यार्थीहरूको लागि परामर्श र रोजगारी प्रदान गर्न मार्गनिर्देशको साथसाथै निवासको योग्यता सम्बन्धी परामर्श पनि गर्छ ।

वैदेशिक रोजगार सेवा केन्द्र ओसाका (परिशिष्ट 4
**URL**　**https://jsite.mhlw.go.jp/osaka-foreigner/**

### 3.　**टेक्निकल कामको खोजी**

प्राविधिक सीप, मानविय ज्ञान, अन्तर्राष्ट्रिय कार्य, अन्य विभिन्न सिप भएका विदेशी प्राविधिकहरू, नयाँ कामको खोजीका लागि "ओसाकाको विदेशी रोजगार सेवा केन्द्र" मा जान सक्नुहुनेछ ।